आज मिति २०८२ साल माघ २८ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८२/८३ को आठौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

### तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | सुकमाया |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पण्डित | प्रशासकीय अधिकृत | |
| २ | ऋषि राज पौडेल | " " | |
| ३ | ई. अनिल खनाल | अधिकृत सातौं | |
| ४ | ई. सुजन मिश्र | प्र.प्र. अधिकृत | |

नगर-कार्यपालिकाको मिति २०८२/१०/२८ गतेको आ.व. २०८२/८३ को आठौं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८२/०९/१९ गते बसेको आ.व २०८२/८३ को सातौं बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं २**

विधायन समितिबाट पेश भएको तपशिल अनुसार कार्यविधि उपर दफावार छलफल गरी आवश्यक संशोधन सहित सर्वसम्मत पारित गर्ने ।

१. कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि-२०८२
२. बाझो जग्गा उपयोग अनुदान कार्यविधि-२०८२

**निर्णय नं ३**

समपूरक अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ बमोजिम आ.व २०८३।८४ मा कार्यान्वयन हुने संघीय समपूरक योजनाका लागि तपसिल अनुसारका योजनाहरु छनौट गरी नियमानुसार लागत साझेदारी गर्ने प्रतिवद्धता सहित प्रस्ताव पेश गर्ने ।

क.सत्रसय दुराडाँडा अर्चल्यानी च्यानपाटा तुर्लुङ्गकोट हुँदै वाखेजगत सडकखण्ड वडा नं ३,४,११
ख.कोईरालाफाँट देखि धुसेनी वडा कार्यालय जाने सडक वडा नं १०
ग.रामदी पेट्रोल पम्प देखि वलिथुम जोड्ने सडक स्तरोन्नति वडा नं ८

**निर्णय नं ४**

विशेष अनुदान सम्वन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ बमोजिम आ.व २०८३।८४ मा कार्यान्वयन हुने संघीय विशेष योजनाका लागि तपसिल अनुसारका योजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने ।

क. आधारभुत शिक्षा सुधार योजना (क्रमागत)
ख. खहरे गहते चिसापानी पर्यटन सडक
ग. लक्ष्मिनारायण मन्दिर धार्मिक पर्यटन केन्द्र तथा पार्क निर्माण

**निर्णय नं ५**

गण्डकी प्रदेश सरकारको आ.व २०८३।८४ मा कार्यान्वयन हुने समपुरक योजनाको लागि तपशिल अनुसारको योजना समपुरक अनुदान अन्तर्गत कुल लागतको नियमानुसार वा सो भन्दा बढी लागत नगरपालिकाले व्यहोर्ने गरि पेश गर्ने ।

क. तेह्रमुरे चौतारा, सालिमरयाङ पैरे हुँदै सिरसिर डाँडा सडक वडा नं ६,७,९ (क्रमागत)
ख. सुन्दरबजार अस्पताल पूर्वाधार विकास
ग. सुत्केरीले गाडेको ढुङ्गा देखी शान्ति मा वि जाने मोटरबाटो स्तरोन्नति

२०८२।१०।२८

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

निर्णय नं ६

गण्डकी प्रदेश सरकारको आ.व २०८३।८४ मा कार्यान्वयन हुने विशेष योजनाको लागि तपशिल अनुसारको योजना विशेष अनुदानका लागि तपसिल अनुसारका योजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने ।

क. फोहोरमैला प्रशोधन केन्द्र स्तरोन्नती तथा पहुँच मार्ग निर्माण
ख. सिरसिरे डाँडा पर्यटन पूर्वाधार निर्माण
ग. शान्ति सिर्जना प्रा.वि पूर्वाधार निर्माण

निर्णय नं ७

सडक बोर्ड नेपाल,मिनभवन,काठमाण्डौको च.नं ६७८ मिति २०८२।०९।२८ गतेको पत्र अनुसार आ.व २०८२/८३ को लागि रु ४७,००,०००। बजेट विनियोजन भई आएकोमा नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने कुल लागतको ३० प्रतिशत रकमले हुन आउने रकम सहित रु २१,९२,१३५ । सडक बोर्डको योजनामा रकम थप शीर्षकबाट विनियोजन गरी रु ६८,९२,१३५। बाट तपशिल अनुसार सडक मर्मत तथा स्तरोन्नती गर्न सहमती तथा रकम निकासाको लागि सडक बोर्ड नेपाल, मिनभवन, काठमाण्डौलाई अनुरोध गर्ने ।

क. मनकामना हात्तिगाडे सडक, क्याम्पसगेट- फेदीकुना -ऐसेलुचौर सडक र नमुना सामुदायिक अस्पताल सडक मर्मत
ख. तिलकस्मृति गेट हनुमान चोक कुन्छा सडक मर्मत
ग. खहरे गहते सडक मर्मत र माछापुर्च्छे कल्वट दायाँबायाँ ढलान मर्मत

**विविध प्रस्तावका निर्णयहरु :**

क) सुन्दरबजार नगरपालिका क्षेत्रभित्र घर नक्सा, भवन निर्माण तथा अन्य संरचना निर्माण गर्दा सडकको क्षेत्राधिकार देखी ६ मिटर सेटव्याक छाड्नुपर्ने व्यवस्था रहेकोमा नगर क्षेत्रको विद्यमान भौगोलिक अवस्था, वस्तीको घनत्व, व्यवहारिक कार्यान्वयनमा देखिएको कठिनाइ तथा स्थानीय आवश्यकता समेतलाई मध्यनजर गर्दै सडक सेटव्याक सम्बन्धी व्यवस्थालाई व्यवहारिक बनाउन सडक सेटव्याक व्यवस्था संशोधन गरी सुन्दरबजार नगरपालिका क्षेत्रभित्रका फिडर रोड र जिल्ला स्तरीय सडकहरुको क्षेत्राधिकार देखी दायाँ-बायाँबाट न्यूनतम २ (दुई) मिटर सडक सेटव्याक कायम गर्ने ।

ख)सुन्दरबजार नगरपालिका क्षेत्रभित्र रहेका नदी, खोला, खोल्सी, कुलो तथा प्राकृतिक पानीका बहाव क्षेत्रहरूको अतिक्रमण, अव्यवस्थित संरचना निर्माण, बाढी तथा कटान जोखिम लगायतका समस्या बढ्दै गएको तथा यस्ता जलस्रोत क्षेत्रको संरक्षण, व्यवस्थापन र दीर्घकालीन उपयोगका लागि स्पष्ट मापदण्ड निर्धारण गर्न आवश्यक देखिएकोले सुन्दरबजार नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा खोल्सीहरूको सीमांकन, संरक्षण क्षेत्र निर्धारण तथा निर्माण सम्बन्धी मापदण्ड तयार गरी ३० दिन भित्र प्रतिवेदन पेश गर्न तपशिल अनुसार खोला तथा खोल्सीहरुको मापदण्ड अध्ययनसमिति गठन गर्ने ।

संयोजक : जयराम रेग्मी -पूर्वाधार विकास समिति संयोजक
सदस्य : अतित खनाल- ईन्जिनियर
सदस्य सचिव : सुसन न्यौपाने-अमिन

२०८२।१०।२८

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

ग) यस नगरपालिका नगरकार्यपालिका सदस्य श्री बिल बहादुर घर्तिको पेटमा समस्या (ऐपेण्डक्स र ट्युमरको अपरेशन) भई मनकामना अस्पताल, चितवनमा उपचार भएकोले सुन्दरबजार नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०८२ बमोजिम रु ३०००० हजार आर्थिक उपचार सहयोग खर्च शिर्षकबाट उपचार सहयोग उपलब्ध गराउने ।

घ) यस नगरपालिकामा विभिन्न कार्यक्रम सञ्चालनको लागि आर्थिक सहयोग माग गर्ने तपशिल अनुसारका संस्था/व्यक्तिहरुलाई कार्यक्रम सञ्चालनका लागि सहयोग उपलब्ध गराउने ।

तपशिल

| सि.नं | संस्थाको नाम | प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | बरथुम्की कोटेश्वर शिवधाम (शान्ति पार्क) दुराडाँडा | गौशालामा पराल खरिद | ३०००० | विविध खर्च |
| २ | एकता घिमिरे अधिकारी, सु.न.पा ५ | क्यान्सर उपचार सहयोग | २०००० | आर्थिक उपचार सहयोग खर्च |
| ३ | चिजामाया वि.क., सु.न.पा ५ | क्यान्सर उपचार सहयोग | २०००० | अतिथि सत्कार खर्च |
| ४ | तुल्सी होम बेशिसहर | अतिथि सत्कार | १०००० | |
| ५ | शोभा मजाकोटी, सु.न.पा ११ | सव व्यवस्थापन | २०००० | विविध खर्च |

ङ) प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशबाट स्थानीय स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेस समूह, आठौं तह, मेडिकल अधिकृत पदमा सिफारिस हुनु भएका श्री प्राथमिक श्रेष्ठलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) अनुसार नियुक्ति दिने भिति २०८२/१०/०९ गतेको कार्यालयस्तरिय निर्णय अनुमोदन गर्ने ।

च) चिकित्सा शिक्षा आयोगको BPH परिक्षामा उत्तिर्ण हुनु भएका नगरपालिका चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्रमा अ.हे.व पदमा कार्यरत सन्तोष पाण्डेयलाई हाल कार्यरत संस्थाहरुमा अन्य कर्मचारी व्यवस्थापन गरी पब्लिक हेल्थ अध्ययनका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनको दफा (७१) र (७२) बमोजिमको शर्त कायम हुने गरी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावलीको नियम (१२०) बमोजिम ३ वर्ष तलवी अध्ययन बिदा स्वीकृति गर्ने ।

छ) नगरपालिकामा अध्ययन बिदामा जाने कर्मचारीको मनोनयन सम्बन्धी मापदण्ड तयार गरी ३० दिन भित्र प्रतिवेदन पेश गर्ने तपशिल अनुसार कार्यदल गठन गर्ने ।

संयोजक : रमेश घर्ति -प्रमुख प्रशासकीय अधिकृत<br>
सदस्य : विवेक कुमार पण्डित, प्रशासकीय अधिकृत<br>
सदस्य सचिव : राजीव घिमिरे, सहायक प्रशासकीय अधिकृत

ज) नेपाल सरकार र भारत सरकार विचको High Impact Community Development Projects सम्झौता अनुसार यस नगरपालिका वडा नं ५ मा रहेको विद्याज्योती माध्यमिक विद्यालयको भवन निर्माणका लागि कुल लागतको १० प्रतिशत रकम नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने निर्णय गरियो ।

२०८२/१०/२८

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

२०८२/१०/२८

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख